समाचार

नव वर्ष २०७४ सालको शुभ अवसरमा हार्दिक मंगलमय शुभ-कामना

# स्वावलम्बन बैंक

स्वावलम्बन लघुवित्त विकास बैंक लि. द्वारा प्रकाशित त्रैमासिक बुलेटिन

२०७३ चैत्र

## स्वावलम्बन बैंक १६ औं वर्ष प्रवेश





इलाका कार्यालय विर्तामोड, झापा तथा गठ्ठाघर, भक्तपुरमा आयोजित समारोहमा प्रमुख जिल्ला अधिकारीज्यूहरूबाट सम्मान ग्रहण गर्दै ग्राहक सदस्यहरू ।

स्वावलम्बन लघुवित्त विकास बैंक लि.को १६ औं वार्षिकोत्सव एक समारोह बिच २०७३ माघ ९ र १० गते बैंकका विभिन्न इलाका कार्यालयहरुमा आयोजना गरिएको छ। बैंकले इलाका कार्यालय विर्तामोड-झापा, इटहरी-सुनसरी, लहान-सिरहा, बर्दिवास-महोत्तरी, बीरगंग-पर्सा, गठ्ठाघर-भक्तपुर र घोराही-दाङ्गमा एक समारोह बीच वार्षिकोत्सव मनाएको हो ।

बैंकका शाखा कार्यालयहरुलाई समेट्ने गरी आयोजना गरिएको बार्षिकोत्सव समारोहमा बैंकमा आवद्ध ज्येष्ठ ग्राहक सदस्यहरु, उत्कृष्ट लघु व्यवसायी, बचतकर्ता, केन्द्र प्रमुख तथा शाखा कार्यालयहरुलाई सम्मान गरिनुका साथै सदस्यका जेहेन्दार छोरा छोरीहरु मध्ये उत्कृष्ट २ जना छात्र र २ जना छात्रालाई छात्रवृत्ति साथै, कर्मचारीका छोरा छोरीहरु मध्ये एस.एल.सी. परीक्षामा सर्वोत्कृष्ट अंक ल्याउने २ जना छात्र र २ जना छात्रालाई नगद सहित सम्मान गरिएको थियो ।

बैंकको वार्षिकोत्सवको अवसरमा बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री नरेशमान प्रधानज्यूले मन्तव्य दिनुहुदै विपन्न तथा न्यून आय भएका वर्गको आर्थिक-सामाजिक अवस्थामा सुधार ल्याउने हेतुले स्थापना भएको स्वावलम्बन लघुवित्त विकास बैंक लि. यही २०७३ माघ १ गते १५ औं वर्ष पुरा गरी १६ औं वर्षमा प्रवेश गरेको छ । बैंकलाई सफलतापूर्वक सेवा गर्ने अवसर दिई यस गौरवपूर्ण अवस्थासम्म पु¥याउन सहयोग गर्ने आदरणीय ग्राहक महिला सदस्य, सेयरधनी संस्था तथा महानुभावहरु, नियामक निकाय, बैंकहरु तथा अन्य सरोकारपक्ष प्रति हार्दिक आभार तथा कृतज्ञता ज्ञापन गर्नुभयो । साथै, आगामी दिनमा ग्राहक सदस्यहरुलाई गुणस्तरिय तथा सर्वसुलभ सेवा प्रदान गर्न हामी प्रतिवद्ध छौं साथै यहाँहरु सबैबाट आवश्यक सल्लाह, सुझाव र सहयोग प्राप्त भईरहने अपेक्षा समेत गर्दछौं । उहाँको सन्देशमा उल्लेख छ ।

वार्षिकोत्सव समारोहमा केन्द्रीय कार्यालयका पदाधिकारी, इलाका कार्यालय रहेका जिल्लाका प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी, प्रहरी प्रमुख, नगर प्रमुखहरुको सहभागीता रहेको थियो । कार्यक्रममा प्रमुख अथिति प्रमुख जिल्ला अधिकारीहरुबाट ग्राहक सदस्यहरुका सफलताका कथाहरु समेटी प्रकाशन गरिएको सफलताका कथा संग्रह एक साथ विमोचन समेत गरिएको थियो ।

## कार्यक्षेत्र विस्तार

स्वावलम्बन लघुवित्त विकास बैंक लि. ले आफ्नो कार्यक्षेत्र विस्तार गरेको छ । बैंकले बाग्लुङ जिल्लाको तित्याङ, पर्वत जिल्लाको फलेबास, लमजुङ जिल्लाको खुदी, कास्की जिल्लाको नाउडाँडा, तनहुँ जिल्लाको भिमाद र नुवाकोट जिल्लाको खड्गभञ्ज्याङ्गमा शाखा कार्यालय स्थापना गरेको छ ।

न्यून आय भएका तथा विपन्न वर्गको आर्थिक सामाजिक अवस्थामा सुधार ल्याई उनीहरुको आयस्तर अभिवृद्धि गर्ने उद्देश्यले स्थापित बैंकले ६ वटा जिल्लामा आफ्नो थप कार्यक्षेत्र विस्तार गरेको हो ।

कार्यक्षेत्र विस्तार पछि बैंकले ५४ जिल्लाका ११९ शाखा कार्यालयबाट २ लाख १६ हजार सदस्यहरुलाई लघुवित्त सेवा प्रदान गर्दै आएको छ । राष्ट्रिय स्तरको लघुवित्त विकास बैंकका रुपमा कारोवार गर्दै आएको र वित्तीय पहुँच कम रहेका देशका विभिन्न हिमाली तथा पहाडी ग्रामिण क्षेत्रमा कार्यक्षेत्र विस्तारको योजनाका साथ अगाडि बढेको बैंकको अधिकृत पूँजी रु.१ अर्ब रुपैयाँ छ ।

# शाखा कार्यालयहरूमा सीप विकास तालिम सम्पन्न




यस बैंकको कार्यक्रममा आवद्ध ग्राहक सदस्यहरूका लागि विभिन्न सीप विकास तालिम आयोजना भएका छन् । शाखा/उपशाखा कार्यालयबाट सदस्यको आयस्तर बृद्धिका लागि लघुव्यवसाय संचालन गर्न सहयोग पुग्ने किसिमका तालिम बैंकले प्रत्येक वर्ष आफ्नो वार्षिक कार्यक्रम अनुसार संचालन गर्दै आएको छ । सीप विकास तालिम कार्यक्रम अन्तरगत च्याउ खेती तालिम, कुखुरा पालन, तरकारी खेती, साबुन बनाउने, अचार बनाउने तालिम, बंगुर पालन तालिम, बेमौसमी तरकारी खेती जस्ता आय आर्जन मुलक तालिम रहेका छन् ।



# स्याउ खेतीमा महिला आकर्षण

**साभारः नागरिक दैनिक**



डिल्ली बुढा
जुम्ला फागुन २०

चन्दननाथ-१४ की पार्वती खनाल स्याउ खेतीमा लागेको धेरै भइसक्यो। पछिल्लो समयमा स्याउ खरिद गर्न गाउँमै व्यापारी पुग्न थालेपछि स्याउ खेतीमा उनको आकर्षण बढेको हो। त्यस्तै कुडारी- ३ की कालिका शाही पनि स्याउ खेतीबाटै जीविकोपार्जनमा सहयोग पुग्नुका साथै राम्रो आम्दानी हुन थालेको बताउँछिन्। पछिल्लो समयमा स्याउका लागि बजार खोज्नु पर्ने बाध्यता टरेकाले आफू पनि स्याउ खेतीतर्फ आकर्षित बनेको उनी बताउँछिन्। उनले घरमा सानो स्याउ बगैंचा रोपेकी छिन्। बगैंचामा उत्पादन भएको स्याउ खरिदका लागि व्यापारी घरमै पुग्छन्। त्यही भएर पनि पार्वती र कालिका मात्र हैन गाउँका तमाम महिला स्याउ खेतीतर्फ आकर्षित बनेका छन्।

पछिल्लो समयमा स्वावलम्बन लघुवित्त विकास बैंकले स्याउको व्यवस्थापन तालिम दिएपछि महिला थप उत्साहित बनेका छन्। उनीहरूले बैंकबाट कर्जा लिई बिरुवा खरिद गरेर स्याउ खेतीमा लागेका छन्। बैंकबाट २८ जना विपन्न महिलाले कर्जा लिई कारोबार गरेका महिलालाई स्याउ खेती सम्बन्धी सचेतना गराइएको बैंक प्रबन्धक लक्ष्मण बस्नेत बताउँछन्। उनका अनुसार बैंकको वित्तीय समूहमा आवद्ध सबै महिलालाई स्याउ खेती र तरकारी खेतीमा आकर्षण गर्ने कार्यक्रम अघि सारिएको छ। बैंकमा सावा र ब्याज तिर्न कुनै समस्या नआओस् भन्नका लागि कृषि उत्पादनमा केन्द्रित कार्यक्रममा अग्रसर गरिएको उनको भनाइ छ।

बैंक प्रबन्धक बस्नेतका अनुसार वैज्ञानिक प्रविधि अवलम्बन गरेर स्याउको उत्पादनमा वृद्धि ल्याई स्याउ खेतीलाई प्रमुख व्यवसायको रुपमा स्थापित गर्ने लगानी भइरहेको छ। स्याउको बजार मूल्य राम्रो देखिएको र माग पनि दिन प्रतिदिन बढ्दै गइरहेकाले महिलालाई आत्मनिर्भर बनाउन स्याउ खेतीमा अगाडि सारिएको हो।

खलंगा बारकोटेबाडाका महिला स्याउ ग्रेडिङ गर्दै । तस्बिर : डिल्ली बुढा/नागरिक

## बागमती सफाई महाअभियानमा स्वावलम्बनको साथ

बागमती सरसफाई अभियानको सफलतापूर्वक दुई सयौं हप्ता पुरा गरेको अबसरमा स्वावलम्बन लघुवित्त विकास बैंक लि. ले ऐक्यबद्धता जनाएको छ ।

# इलाका स्तरीय समीक्षा बैठक सम्पन्न

बैंकको आ.व.२०७३/७४ को पौष महिनासम्मको कार्यक्रम समीक्षा बैठक बैंकका प्रमुख कार्यकारी अधिकृत श्री नरेश मान प्रधानज्यूको अध्यक्षतामा सम्पन्न भयो । मिति २०७३ फागुन २ र ३ गते काठमाडौंमा आयोजना गरिएको बैठकमा २०७३ पौष मसान्तसम्मको अर्धवार्षिक कार्यक्रम समीक्षा तथा चालु आ.व.को बाँकी अवधिको लक्ष्य समबन्धमा छलफल भयो ।

बैठकमा प्रमुख कार्यकारी अधिकृतज्यूले चालु आ.व.मा सबै इलाका कार्यालयहरु अन्तर्गत सदस्य वृद्धिमा जोड दिने, कर्जा भाका नाघ्न नदिने, उत्पादकत्व वद्धि, वचतमा वृद्धि, कार्यक्रमको गुणस्तरमा जोड, तरलता अभाव कम गर्न वचत वृद्धि र भाका नाघेको कर्जा असूलमा जोड दिनुको साथै तत् सम्बन्धमा आवश्यक रणनीति तयार गरी कार्यत्रमलाई अगाडी बढाउन निर्देशन दिनुभयो ।

बागमती सरसफाई अभियान दुई सय साता पुगेको अवसरमा मिति २०७३ फागुन २८ गते शनिबार बैंकले व्यानर सहित बागमती किनारमा भेला भएर फोहर संकलन गरी ऐक्यबद्धता जनाएको हो ।

प्रमुख कार्यकारी अधिकृत श्री नरेश मान प्रधानज्यूको नेतृत्वमा थापाथली बागमती किनारमा बैंकको केन्द्रीय कार्यालय, इलाका कार्यालय तथा शाखा कार्यालयका कर्मचारीहरु सरसफाईमा सहभागी भएका थिए ।



# वित्तीय जागरण राष्ट्रिय अभियान/साक्षरता कार्यक्रम आयोजना




नेपाल राष्ट्र बैंकको प्रवर्द्धनमा मिडिया इन्टरनेशनलले आयोजना गरेको वित्तीय साक्षरता जागरण कार्यक्रम, कैलालीमा स्वावलम्बन लघुवित्त विकास बैंक लि.ले सहभागीता जनाएको छ।

कार्यक्रममा गभर्नर डा.चिरंजीवी नेपालले उद्यम तथा व्यवसायका लागि नेपालमा प्रशस्त अवसरहरु रहेको बताउनु भयो। उहाँले त्यस्ता अवसरहरुको समुचित उपयोग गर्न सकिएमा नेपाल आर्थिक समृद्धिको बाटोमा लम्कने र युवाहरु रोजगारीका लागि विदेशमा जानुपर्ने बाध्यताको पनि अन्त्य हुने बताउनुभयो। "वित्तीय जागरण : राष्ट्रिय अभियान" भन्ने मूल नाराका साथ संचालन भएको कार्यक्रम मिति २०७३ फागुन १४ गते कैलालीको अत्तरीयामा संचालन भएको थियो।

त्यसैगरी, बैंकिङ्ग एक्सपो २०१७ मा आफ्नो स्टल सहित बैंकले सहभागीता जनाएको छ। वित्तीय जागरण अभियान अन्तरगत आयोजना गरिएको एक्सपो २०७४ बैशाख १५ गतेदेखि १७ गतेसम्म काठमाडौंमा संचालन भएको थियो। गभर्नर डा.चिरंजीवी नेपालज्यूले उद्घाटन गर्नुभएको एक्सपोमा विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा पदाधिकारीहरूको सहभागिता थियो। उक्त अवसरमा बैंकको सहभागीताको कदर स्वरुप बैंक सम्मानित भएको थियो।



कैलालीमा आयोजित वित्तीय जागरण र्‍यालीमा बैंकको सहभागिता

साथै, स्वावलम्बन लघुवित्त विकास बैंक लि. शाखा कार्यालय महुली, सप्तरीको आयोजनामा ग्राहक सदस्य तथा अभिभावकहरुका लागि वित्तीय साक्षरता कार्यक्रम संचालन गरिएको छ। कार्यक्रममा ग्राहक सदस्य, अभिभावक, स्थानीयको सहभागीता रहेको थियो।



## विभिन्न तालिम, गोष्ठी तथा सम्मेलनमा सहभागीता

- स्वावलम्बन विकास केन्द्रले गत माघ ७ गतेदेखि ९ गतेसम्म ३ दिन काठमाडौंमा आयोजना गरेको **लघुवित्तका आधारभूत लेखा प्रणाली** विषयक तालिममा सहायक कर्मचारीहरु श्री सूचना वि.क., सन्धिखर्क, श्री समिता बुढथापा, सुडा, श्री मेघराज घिमिरे, घोराही र श्री देवकी साउद, कृष्णपुरबाट सहभागी हुनुभयो।
- बैंकले माघ १८ गतेदेखि २० गतेसम्म धनगढीमा आयोजना गरेको **आधारभूत कम्प्यूटर तथा सफ्टवेयर तालिम**मा इलाका कार्यालय घोराही र धनगढी अन्तरगतका शाखा कार्यालयबाट १९ जना सहायक कर्मचारी सहभागी हुनुभयो।
- Asian Institute of Technology (AIT), Thailand ले माघ २३ गतेदेखि २७ गतेसम्म थाइल्याण्डमा आयोजना गरेको **Emerging issues on Microfinance in Asian Countries Training in Thailand** विषयक तालिममा का.मु. विभागीय प्रबन्धक श्री चन्द्रमणि चौलागाई र वरिष्ठ प्रबन्धक श्री मोहन प्रसाद भट्टराई सहभागी हुनुभयो।
- स्वावलम्बन विकास केन्द्रले गत माघ २७ गतेदेखि २८ गतेसम्म २ दिन काठमाडौंमा आयोजना गरेको **Program on Grameen Financial System** विषयक तालिममा नायब महाप्रबन्धक श्री चन्द्रकान्त काफ्ले सहभागी हुनुभयो।
- बिटिआईले फागुन ७ गते जनकपुर, धनुषामा आयोजना गरेको **Effective Approach To Credit Risk Management** विषयक गोष्ठीमा सहायक प्रबन्धक श्री केशव प्रसाद यादव, सितापुर र श्री शिव कुमार ठाकुर, जनकपुरबाट सहभागी हुनुभयो।
- स्वावलम्बन विकास केन्द्रले फागुन २६ गते काठमाडौंमा आयोजना गरेको **A Journey from an NGO to Bank – Bandhan Bank's Experience** गोष्ठीमा प्रमुख कार्यकारी अधिकृत श्री नरेश मान प्रधान र नायव महाप्रबन्धक श्री चन्द्रकान्त काफ्ले सहभागी हुनुभयो।
- ह्युमन रिसोर्सेज सोसाइटी नेपालले फागुन २६ गते काठमाडौंमा आयोजना गरेको **2nd Edition of Industry and Academia Meet 2017** मा प्रबन्धक श्री राजेन्द्र धिताल सहभागी हुनुभयो।
- सिएमएफले चैत्र २ गते देखि ४ गतेसम्म ३ दिन काठमाडौंमा आयोजना गरेको **राष्ट्रिय लघुवित्त सम्मेलन** २०१७ मा नायव महाप्रबन्धक श्री चन्द्रकान्त काफ्ले, का.मु.विभागीय प्रबन्धक श्री चन्द्रमणि चौलागाई, वरिष्ठ प्रबन्धकहरु श्री राजन भट्टराई, श्री प्रताप नारायण श्रेष्ठ, मणिराज खड्का, प्रबन्धकहरु श्री जीवन अर्याल, श्याम लाल चौधरी, विष्णुहरी घिमिरे, कृष्ण प्रसाद मिश्र, सहायक प्रबन्धकहरु श्री गणेश कुमार श्रेष्ठ, सुमन श्रेष्ठ र शिव कुमार श्रेष्ठ सहभागी हुनुभयो।
- UNNATI-ACCESS ले चैत्र १४ देखि १६ गतेसम्म तेह्रथुममा आयोजना गरेको **Business to Business Linkage Workshop and Agriculture Value Chain Finance** विषयक तालिममा वरिष्ठ सहायक श्री दिपक राउत, म्याङ्लुङबाट सहभागी हुनुभयो।
- बैंकले चैत्र १६ गतेदेखि १७ गतेसम्म काठमाडौंमा आयोजना गरेको भाका नाघेको कर्जा व्यवस्थापन सम्बन्धी गोष्ठीमा केन्द्रीय कार्यालय लगायत इलाका र शाखा कार्यालयबाट ४० जना सहभागी हुनुभयो।
- OMS Academics चैत्र २६ गते काठमाडौंमा आयोजना गरेको **Effective Communication Skills & Modern Motivational Techniques** विषयक तालिममा केन्द्रीय कार्यालयका वरिष्ठ सहायक श्री रोजी श्रेष्ठ र सहायक श्री सुनिला बानियाँ सहभागी हुनुभयो।

# स्वावलम्बन लघुवित्त विकास बैक लि.

**२०७३ चैत्र महिनासम्मको अद्यावधिक स्थिति** **बैंकले सेवा पुऱ्याएको जिल्ला संख्या : ५४**

| क्र. सं. | कार्यालयको नाम | शाखा उपशाखा कार्यालय | गा.वि.स/ न.पा. | केन्द्र संख्या | समुह संख्या | सदस्य संख्या | ऋणी सदस्य संख्या | ऋणी सदस्य अनुपात % | लगानीमा रहीरहेको रकम रु. (000) | सदस्य बचत रकम रु. (000) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | इलाका कार्यालय, विर्तामोड, झापा | ८ | ५६ | ६६० | २,३४५ | ११,०८४ | ८,७४४ | ७९% | ५०६,४९२ | २१८,२१५ |
| २ | इलाका कार्यालय, इटहरी, सुनसरी | १० | ७० | ९४१ | ४,७५७ | २०,८१५ | १५,०५६ | ७२% | ८८६,११० | ४२८,१४८ |
| ३ | इलाका कार्यालय, लहान, सिरहा | १८ | १५२ | १,२७६ | ६,४४० | ३०,४३१ | २०,५०९ | ६७% | १,३३३,९६२ | ५५७,९०५ |
| ४ | इलाका कार्यालय, बर्दिबास, महोत्तरी | ११ | ९६ | ८६० | ४,८५८ | २२,७६४ | १५,९९८ | ७०% | १,०३९,२१४ | ४३०,६७८ |
| ५ | इलाका कार्यालय, बीरगंज, पर्सा | ११ | ८२ | ९६१ | ५,४५१ | २६,५०९ | १९,८३७ | ७५% | १,१६०,५०६ | ५०७,९३४ |
| ६ | इलाका कार्यालय, गट्ठाघर, भक्तपुर | १९ | १३३ | १,६२५ | ६,९६० | ३३,२६७ | १९,७१६ | ५९% | ८५१,८९५ | ६५४,४२७ |
| ७ | इलाका कार्यालय, घोराही, दाङ्ग | २० | १४२ | १,७८१ | ८,४६६ | ४०,२९६ | २६,२१४ | ६५% | १,२८२,२५४ | ६३९,५९४ |
| ८ | इलाका कार्यालय, मुग्लिङ्ग, चितवन | १४ | ६४ | ७६२ | ३,०७९ | १५,१३९ | १०,९११ | ७२% | ४६८,१७२ | २५५,२२९ |
| ९ | इलाका कार्यालय, धनगढी, कैलाली | ८ | ३३ | ७०० | २,८७४ | १५,७०७ | १०,०८३ | ६४% | ४९९,४०८ | १८७,५६८ |
| | जम्मा | ११९ | ८२८ | ९,५६६ | ४५,२३० | २१६,०१२ | १४७,०६८ | ६८% | ८,०२८,०१३ | ३,८७९,६९८ |

## अनुरोध

यस “स्वावलम्बन बैंक समाचार” लाई अझ प्रभावकारी, उपयोगी र स्तरीय बनाउन तपाईंहरूको रचनात्मक सहयोग एवं सुझावको सदैव अपेक्षा गर्दछौं । यस प्रकशनको प्रकृतिसंग मेल खाने लेख, रचना, सदस्यहरूको सफलताका कथाहरू तथा अन्य समसामयिक गतिविधि समेटी तयार पारेका रिपोर्टहरू स्पष्टसंग लेखि वा टाइप गरी पठाउनु हुन समेत अनुरोध गर्दछौं ।

**प्रापक**

.............................................................................

.............................................................................

.............................................................................

.............................................................................

.............................................................................

प्रकाशक : स्वावलम्बन लघुवित्त विकास बैंक लि., केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौं । संयोजन : सामान्य सेवा विभाग ।
पो. ब. नं. १९२४६, फोन नं. ४४३४९२१, ४४३४९२२ फ्याक्स : ४४४१५२५
Email : info@swbbl.com.np, gsd@swbbl.com.np